'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक

वर्ष १ | अंक : ५८ | शुक्रबार ०९ कार्तिक, २०८१ | 25 (Friday) October 2024 | पृष्ठ ४, | मूल्य रु : १०।-

# दाङमा करिब ३ करोडका खसीबोका बिक्री

नमस्ते समचारदाता

दाङ, कार्तिक/०८



दाङमा महिला उद्यमीहरुले सञ्चालन गरेका विभिन्न सहकारीहरुबाट करिब ३ करोड जतिका खसीबोका बिक्री भएका छन् । मासुको बढी उपभोग गरिने दस-तिहार पर्वको अवसरमा जिल्लाका ८ वटा सामाजिक उद्यमी महिला सहकारी मार्फत दुई करोड ९२ लाख ७० हजार नौसय ५८ रुपियाँ मूल्यको १ हजार ६ सय ६८ वटा खसीबोका बिक्री भएका हुन् । जिल्लामा सबैभन्दा धेरै खसीबोका बिक्री गर्नेमा लमही नगरपालिका-९ रिहारमा रहेको कर्मठ सामाजिक उद्यमी महिला सहकारी संस्था रहेको छ । कर्मठले १ करोड ८ लाख ५० हजार २ सय १७ रुपैया पाँच पैसाका ५सय ८७ वटा खसीबोका बिक्री गरेको छ । त्यसैगरी, लमही नगरपालिका-७ कप्तानगञ्ज्मा रहेको विपन्न सामाजिक उद्यमी महिला सहकारी संस्थाले ६८ लाख ३४ हजार सातसय २२ रुपैयाँको ४ सय १ वटा, लमहीकै वडा १ सुनडबरीमा रहेको नीलकमल सामाजिक उद्यमी महिला सहकारी संस्थाले ३६ लाख २३ हजार १ सय ४५ रुपियाँको २ सय ७ वटा खसीबोका बिक्री गरेका हुन् । त्यसैगरी राजपुर गाउँपालिका -५ जंग्रहवामा रहेको बेला राजपुर सामाजिक उद्यमी महिला सहकारी संस्थाले ३६ लाख ७३ हजार ४ सय ६६ रुपैयाको २ सय १। गढवा गाउँपालिका-६ गढवामा रहेको गढवा सामाजिक उद्यमी महिला सहकारी संस्थाले २८ लाख ४७ हजार ९० रुपियाँको १ सय ७० वटा खसीबोका बिक्री गरेका छन् । लमही नगपालिका -२ केरुनियामा रहेको समुन्नति सामाजिक उद्यमी महिला सहकारी संस्थाले ८ लाख ३ हजार ४५ रुपियाँ मूल्यको ४७ वटा, घोराही उपमहानगरपालिका -२ भिङ्नीमा रहेको सुधार सामाजिक उद्यमी महिला सहकारी संस्थाले ३ लाख ६६ हजार ७ सय तीन रुपियाँको २० वटा र घोराही उपमहानगरपालिका -१३ वनगाउँमा रहेको ज्यामिरे सामाजिक उद्यमी महिला सहकारी संस्थाले २ लाख ७१ हजार ७६ रुपैयाँको २० वटा खसीबोका बिक्री गरेका हुन् । गाउँ-गाउँमा महिला उद्यमीले उत्पादन गरेका खसीबोका तुलसीपुरमा रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनीसँगै व्यवसायीले खरिद गरेका हुन् । जिल्लामा खरिद गरेका खसीबोका काठमाडौं लगायतका विभिन्न ठाउँमा पठाउने गरेका छन् । सहकारी संस्थाले महिला उद्यमीलाई बाख्रापालनदेखि बजारीकरणमा सहयोग गरेपछि जिल्लामा खसीबोकाको उत्पादनमा वृद्धि भएको भन्दै ग्रामीण महिला तथा उत्थान केन्द्र र हेफर इन्टरनेशनल नेपालद्वारा सञ्चालित आइएएलभिसी परियोजनाका बजार सहजकर्ताले बताए ।

बाँकी ३ पेजमा...

# लुम्बिनी सरकारमा थपिए ३ मन्त्री

नमस्ते समचारदाता

देउखुरी, कार्तिक/०८



प्रदेश सरकार बनेको झण्डै दुई महिना पछि लुम्बिनी प्रदेश सरकारका ३ जना मन्त्री थपिएका छन् । ३ मन्त्री थप्दा पनि सरकारले अझै पूर्णता पाउन सकेको छैन । अझै एक मन्त्रालय मुख्यमन्त्री आफैले राखेका छन् । थपिएका ३ जना मन्त्रीहरुले बिहिबार बिहान शपथ ग्रहण गरेका छन् । प्रदेश प्रमुख कृष्णबहादुर घर्तीबाट उनीहरुले शपथ ग्रहण गरेका हुन् । हाल थपिएका मन्त्रीहरुमा बर्दियाका जन्मजय तिमिल्सीनाले सामाजिक विकास, पश्चिम नवलपरासीका देवकरण कलवारले वन तथा वातावरण र बाँकेका आदेश अग्रवालले आन्तरिक मामिला तथा कानुन मन्त्रीको शपथ लिएका छन् । तिमिल्सीना र कलवार नेपाली कांग्रेस र अग्रवाल जनता समाजवादी पार्टीका सांसदहरु हुन् । १२ वटा मन्त्रालयहरु रहेको लुम्बिनी प्रदेश सरकारमा मुख्यमन्त्री सहित एमालेका ५, कांग्रेसका ५ र जसपाका १ जना गरी मन्त्रीको संख्या ११ पुगेको छ । युवा तथा खेलकुद मन्त्रालयमा अझै मन्त्री नियुक्त हुन बाँकी छ । यो मन्त्रालयको जिम्मेवारी मुख्यमन्त्री स्वयंमले संहालेका छन । मुख्यमन्त्री चेतनारायण आचार्यले बुधबार प्रदेश मन्त्रिपरिषद् पुर्नगठनको लागि प्रदेश प्रमुख समक्ष सिफारिस गरेका थिए । सोही आधारमा बिहिबार बिहान नव नियुक्त मन्त्रीको शपथ गरिएको हो ।

# संसदीय दलहरू बदनाम र असफल भैसके : विप्लव

नमस्ते समचारदाता

दाङ, कार्तिक/०८




नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द विप्लवले संसदवादी दलहरु बदनाम र असफल भैसके जसले गर्दा जनतामा निरासा, कुण्ठा र आक्रोस पैदा भैरहेको बताएका छन् । नेपाली राजनीति अस्थिरता तर्फ धकेल्न अन्तर्राष्ट्रिय प्रयास बढ्दै गएको बताउँदै विप्लवले त्यसको सशक्त प्रतिवाद जरुरी रहेको बताए । नेकपा दाङले देउखुरीमा आयोजना गरेको सर्वपक्षीय अन्तरक्रिया तथा भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै विप्लवले दलहरूले जनताको भावना समेट्न नसक्दा मुलुक अस्थिरता तर्फ धकेलिने खतरा बढेको बताए । संसदीय दलहरू असफल र बदनाम हुदै जाँदा जनतामा निराशा बढेको बताउदै विप्लवले यसको समाधान समाजवादी व्यवस्थाबाट मात्रै हुने दाबी गरे ।

बाँकी ३ पेजमा...

# एक वर्ष सम्म भूकम्पपीडितको घर नबनेकोमा चिन्ता

नमस्ते समचारदाता

जाजरकोट, कार्तिक/०८



आफूहरूको स्थायी आवास हाल सम्म पनि नबनेकोमा भूकम्पपीडितलाई चिन्ताले पिरोल्न थालेको छ । गत वर्ष कात्तिक १७ गते जाजरकोटको रामीडाँडा केन्द्रविन्दु भएर गएको भूकम्पमा परी उनीहरुका घरबास क्षति भए पश्चात यहाँका अधिकांश घरपरिवार अस्थायी आवासमा बसोबास गरिरहेका छन् । भेरी नगरपालिका-१, कोलचौरका उदयराम कामी आफ्नो भत्केको घर पुनर्निर्माण हुनेमा अझै सम्म विश्वस्त हुन सकेको छैनन् । एकै घरमा आफ्ना परिवारका छ जना सदस्य भूकम्पबाट गुमाउन पुगेका उदय कामी सरकारले स्थायी आवास बनाइदिने प्रतीक्षामा बसेको बताउछन् । त्यस्तै भेरी नगरपालिका-३ की सुषमा आरसी भूकम्पले भत्केको घर अहिलेसम्म बनाउँदा नसक्दा छिमेकी आफन्तकोमा बसेर गुजारा चलाउनु परेको दुःखेसो पोख्छिन् । भूकम्पमा परी आफ्नी छोरी गुमाएकी उनी सरकारको स्थायी आवास निर्माणको प्रतीक्षामा बसिरहेकि छन् । यहाँका अधिकांश पीडित भूकम्पको एक वर्ष बित्दासमेत अस्थायी टहरा तथा जोखिमयुक्त घरमै बसिरहेका छन । यस वर्ष पनि टिनको चिसो टहरामै आफूहरूको हिउँद बित्ने हो कि भन्ने नलगाड नगरपालिका-१ का हिरालाल पुनको चिन्ता छ । सरकारले अहिलेसम्म अस्थायी आवासका लागि दिने भनेको ५० हजार रुपियाँकै दोस्रो किस्ता रकम दिन सकेको छैन । भर्खरै काठमाडौं लगायतका जिल्लामा गएको बाढीपहिरोको क्षतिपश्चात् आफूहरुले सरकारले तोकेको राहत पनि नपाउने हो कि भनेर झनै यहाँका नागरिकमा त्रास बढेको छ । सरकार तथा विभिन्न दातृ निकायको ध्यान ती जिल्लातर्फ जाने र आफूहरूले अब कुनै प्राथमिकता नपाउनेमा यहाँका नागरिकको चिन्ता छ ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला ।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णाली
www.namastekarnali.com
Namaste Karnali National Daily राष्ट्रिय दैनिक



सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय


## सय दिन भ्रष्टाचारी जोगाउने प्रपन्च

नेपाली काँग्रेस र नेकपा एमाले मिलेर के.पी.ओलीको नेतृत्वमा सरकार बनेको सय दिन पुरा भएको समीक्षा गर्दै बुधबार प्रधानमन्त्री ओलीले सिंहदरबारबाट देशवासीको नाममा सम्बोधन गरे। सरकारको प्राथमिकतामा परेका कामहरुको ७० प्रतिशत काम सम्पन्न भएको र मौषमजन्य विपत्ती नपरेको भए शतप्रतिशत काम गरिने थियो भनेर गर्भ गरे। उखान र गफमा सय प्रतिशत काम गरेकै हुन ओलीले। अन्य कुरा त जनताले महसुस गर्ने गरी वा देखिने गरी कुनै काम भएको देखिदैन। बरु यो बिचमा गत असोज दोश्रो साताको अन्त तिर वर्षाको कारण आएको आपत्तीमा सरकारले सिंहदरबारबाट हेरेर बस्यो। राजधानीमा दिएसै बाढीले मानिस बगाउँदा पनि सरकारको उपस्थिति देखिएन। बाढीले खोलामा बगाइरहेका मानिसलाई खोला हेर्न गएको साधारण मानिसले खोलामा हाल फालेर दुई जना मानिसको उद्दार गर्‍यो तर सरकारको उपस्थिति देखिएन। यसैबाट पनि थाहा हुन्छ सरकारको काम गराईको गति र प्रगति। यो सय दिन सरकारले केही गरेको जसरी पनि देखाउनु थियो। सहकारी ठगी प्रकरणमा रवी लामिछानेलाई पक्राउ गर्नु नै ओली सरकारले आफ्नो सय दिनको सबै भन्दा ठूलो सफलता ठानेको छ। रवीलाई नेपाली काँग्रेसको दवावमा पक्राउ गरिएको कुरा लुकाएर लुग्दैन। सहकारीको रकम आफै संलग्न भएर रवी लामिछानेले अपचलन गरेको भेटिएन बरु जिबी राइले सहकारीबाट गोर्खा मिडियामा ल्याएको रकम सो मिडियाको प्रबन्ध निर्देशक भएर बसेकाले रवी लामिछानेको हातबाट खर्च गरिएको भेटियो भनेर सहकारी ठगी प्रकरण सम्बन्धी छानबिन गर्न बनेको संसदीय समितिले बुझाएको प्रतिवेदनमा नै उल्लेख गरिएको छ। दुनियाँले जानेको र देखेका काँग्रेस एमालेका नेताहरुले सहकारीमा प्रत्यक्ष संलग्न भएर करोडौं रकम अपचलन गरेको बारेमा सरकार चुप लाग्नु र रवीलाई मात्र पक्राउ गर्नुले सरकार यो मामिलामा विपक्षीहरु प्रति पूर्वाग्रही छ भन्ने कुरा नै देखाउछ।

# संयुक्त राष्ट्रसङ्घ आशाको दीप

मोहन नेपाली

संयुक्त राष्ट्रसङ्घको ७९ औं वर्षगाँठ बिहीबार मनाइँदै छ। ७९ औं वर्षगाँठ मनाउँदै गर्दा विविध टिप्पणी सुनिनु स्वाभाविकै हो। किनभने मानसिक एवं तार्किक अभ्यास गर्ने मानव समाजमा वैचारिक विविधता एक नैसर्गिक विशेषता नै हो। रुस-युक्रेन युद्ध वा मध्यपूर्वमा फैलँदो युद्धका सम्बन्धमा संयुक्त राष्ट्रसङ्घको भूमिकाको प्रभावकारितालई लिएर प्रश्न उठाइएकै कारणले राष्ट्रहरूको उक्त विश्वव्यापी सङ्घको औचित्य घट्यो वा सकियो भन्ने अर्थमा कसैले बुझ्नु हुँदैन। किनभने सयुक्त राष्ट्रसङ्घले वडापत्रले इङ्गित गरेका अरू धेरै काम पनि गर्ने गर्छ। शक्तिसम्पन्न राष्ट्रहरूका मनोढाँचाद्वारा प्रशिक्षित जनताले संयुक्त राष्ट्रसङ्घलाई उनीहरूका राष्ट्रिय अर्थराजनीतिक औजार पनि ठान्न सक्छन्। त्यस्तै, राजनीतिक, आर्थिक र सामाजिक रूपले अत्यन्त जर्जर अवस्थामा रहेका वा चरम द्वन्द्वबाट गुज्रिएर तहसनहस भएका मुलुकका जनताले संयुक्त राष्ट्रसङ्घलाई आशाको दीपको रूपमा पनि बुझ्न सक्छन्। कतिपयले भने संयुक्त राष्ट्रसङ्घलाई अन्तर्राष्ट्रिय सम्बन्धलाई सन्तुलित राख्न कूटनीतिक मध्यस्थता गर्ने मध्यमार्गी शक्तिको रूपमा पनि लिन सक्छन्। संयुक्त राष्ट्रसङ्घका सम्बन्धमा विद्यमान यी र अन्य प्रकारका वैचारिक धार आफैँमा पूर्णतः सही वा गलत नहुन सक्छन् तर पनि ती सबै धार विभिन्न कारक तोवबाट उत्प्रेरित वैचारिक कोण भएकाले बहुउपयोगी दृष्टिकोणबाट संयुक्त राष्ट्रसङ्घलाई बुझ्दा वाञ्छनीय हुन्छ। सुरुवाती चरणमा, संयुक्त राष्ट्रसङ्घलाई प्रत्यक्ष युद्धलाई रोकेर विवाद व्यवस्थापन गर्ने उद्देश्य बोकेको कूटनीतिक मञ्चको रूपमा बढी बुझिन्थ्यो। प्रथम र द्वितीय विश्वयुद्ध खेपिसकेको विश्वले फेरि त्यस्तै प्रकारको दर्दनाक युद्ध नहोस् भन्ने चाहेको थियो। संयुक्त राष्ट्रसङ्घको वडापत्रले पनि त्यस्तै सङ्केत गर्छ। जस्तै, वडापत्रको प्रस्तावनाको पहिलो हरफले नै आउने पुस्तालाई युद्ध विभीषिकाबाट बचाउने उद्देश्यलाई प्रमुखता दिएको सङ्केत गर्छ। त्यसै गरी, वडापत्रको अनुच्छेद १ को उप-अनुच्छेद १ मा संयुक्त राष्ट्रसङ्घको प्रमुख ध्येय अन्तर्राष्ट्रिय



मोहन नेपाली

> सयुक्त राष्ट्रसङ्घले मानवजातिको नैतिक तथा मानसिक रूपान्तरणलक्षित मानव खुबीको निर्माणलाई पनि उच्च प्राथमिकता दिएर काम गरोस् भन्ने आवाज फैलाउनु जरुरी छ। यसको प्रभावकारितालाई बढाउने जिम्मा सदस्य मुलुकहरूकै हातमा रहेकोमा विवाद छैन। किनभने सदस्य मुलुकले उपलब्ध गराउने अनुदान र जनशक्तिका आधारमै संयुक्त राष्ट्रसङ्घको रक्तसञ्चार प्रणाली चालु हुन्छ।

शान्ति तथा सुरक्षा कायम राख्नु हो भनिएको छ। सार रूपमा भन्नु पर्दा, यथाशक्य युद्धको रोकथाम गर्ने, विश्वमा शान्ति र सुरक्षाको प्रवर्धन गर्ने, सदस्य राष्ट्रहरूमा सामाजिक न्याय, मानव अधिकारको कार्यान्वयन र वातावरणीय सन्तुलनसहितको दिगो विकासलाई सहयोग र प्रोत्साहित गर्ने जस्ता बृहत् उद्देश्यमाथि काम गर्ने परिकल्पना संयुक्त राष्ट्रसङ्घको वडापत्रले झल्काउँछ। विशेषतः प्रथम र द्वितीय विश्वयुद्धको चरम वियोगान्तले उत्पादन गरेको अनुभूतिजन्य ज्ञानको जगमा सन् १९४५ को अक्टोबर २४ मा औपचारिक रूपमा संयुक्त राष्ट्रसङ्घ खडा भएको हो। यद्यपि यसको गृहकार्य राष्ट्रहरूबिच चरण चरणमा त्यस अघिदेखि नै भइरहेको थियो। हाल विश्वमा फरक फरक पृष्ठभूमि भएका थोरै मुलुकबिच आर्थिक, प्राविधिक र सामरिक शक्तिका दृष्टिकोणले प्रतिद्वन्द्विता चलिरहेको छ। यसबाट अधिकांश मुलुक अप्रभावित रहिरहन सक्दैनन्। किनभने मानव समाज सदृश्य/अदृश्य सम्बन्धबाट निर्मित हुन्छ। हालको अन्तर्राष्ट्रिय सम्बन्धलाई भूराजनीतिक अनिश्चितताले पनि प्रभाव पारिरहेको छ। अझ पछिल्लो समय रुस र युक्रेनबिचको युद्ध तथा मध्यपूर्वमा फैलँदो युद्धले विश्व मानव समुदायलाई चिन्तित तुल्याएको छ। यस प्रकार, युद्ध, जलवायु परिवर्तनजन्य प्राकृतिक प्रकोप र महामारीबाट सिर्जित हुने मानवीय सङ्कटको विश्वव्यापी रूपमा सामना गर्नसमेत आवश्यक पर्ने सबै मुलुकको साझा औपचारिक संरचनाको रूपमा स्थापित संयुक्त राष्ट्रसङ्घको क्रियाशीलतालाई निस्तेज पार्ने प्रयास कतैबाट नहोस् भन्नेतर्फ सजगता आवश्यक छ। यस विभाजित विश्वमा भिन्न पृष्ठभूमिको अस्तित्वलाई आत्मसात् गर्दै सहअस्तित्व र साझेदारीको दृष्टिकोणबाट अगाडि बढ्न सघाउने ध्येय बोकेको संयुक्त राष्ट्रसङ्घको भूमिकालाई बलियो पार्ने जिम्मेवारी सदस्य राष्ट्रहरूकै हो, अझ विशेषतः भिटोधारीहको। युद्ध रोक्न सकिन्छ कि भनेर साझा कूटनीतिक मञ्चको रूपमा प्रयास गर्नु यसको कर्तव्य हो तर यसको आफ्नो छुट्टै सेना भने हुँदैन। राष्ट्रहरूका आआफ्नै राष्ट्रिय स्वार्थ हुने हुँदा संयुक्त राष्ट्रसङ्घको छुट्टै सेना बनाउन असम्भव नै हुन्छ तर सयुंक्त राष्ट्रसङ्घको मर्मबमोजिम द्वन्द्वग्रस्त क्षेत्रमा परिचालित हुने गरी वडापत्रबमोजिम सदस्य राष्ट्रहरूकै सहयोगमा शान्ति सेनाको व्यवस्था भने गरिएकै छ। वास्तवमा, संयुक्त राष्ट्रसङ्घको चरित्र भनेको राष्ट्रहरूबिच भाइचाराको जगमा टेकेर शान्तिपूर्ण सहकार्यका माध्यमबाट अन्तर्राष्ट्रिय सम्बन्धलाई अगाडि बढाउनु नै हो। हालसम्म ७० वटाभन्दा बढी शान्ति स्थापनासम्बन्धी अपरेसन सञ्चालन गरिसकेको संयुक्त राष्ट्रसङ्घले सदस्य मुलुकबाट सहयोग नपाएको भए सम्भव हुने थिएन। त्यसैले मूलतः सदस्य राष्ट्रहरू, त्यसमा पनि, अनुदानको ठुलो हिस्सा प्रदान गर्ने गरेका शक्तिसम्पन्न मुलुक स्वयम् नै संयुक्त राष्ट्रसङ्घलाई कति मात्रामा प्रभावकारी बनाउने वा नबनाउने भन्नेमा निर्णायक हुन्छन्। नेटो, इन्डोप्यासेफिक स्ट्राटेजी, क्वाड, अकस, सिएसटिओ, बिआरआई जस्ता विश्वमा नवीकरण बढाउन सक्ने शक्तिशाली मुलुकका आर्थिक तथा सामरिक समूहलाई समेत विश्व शान्ति, सुरक्षा र विकासको दृष्टिकोणले सन्तुलनमा राख्ने भूमिकाका निम्ति पनि संयुक्त राष्ट्रसङ्घको महत्व बढेको वस्तुगत स्थितिलाई स्विकार्नु पर्छ। कोभिड-१९ को महामारीको नियन्त्रणमा समन्वयात्मक भूमिका खेल्दै आफ्नो विशेषीकृत एजेन्सी विश्व स्वास्थ्य सङ्गठनमार्फत कोभ्याक्स प्रणाली स्थापना गरी विपन्न मुलुकमा खोपको सुनिश्चितता गर्न संयुक्त राष्ट्रसङ्घले आफ्नो भूमिका निर्वाह गरेको थियो। शक्तिसम्पन्न मुलुकमा स्थापित स्वास्थ्य प्रणालीहरू पनि कति जनहितकारी तथा मानव अधिकारमुखी वा कति नाफामुखी तथा सतही रहेछन् भन्ने कुरा महामारीले उदाङ्गो पारिदिएको सन्दर्भमा त्यति खेर संयुक्त राष्ट्रसङ्घले आपत्कालीन रूपमा खेलेको भूमिका सार्थक नै थियो। महासचिव एन्टोनियो गुटेरेसले त्यतिखेर महामारीले अन्तर्राष्ट्रिय सहायताको अपरिहार्यतालई दर्शाइदिएको तथ्यलाई औँल्याएका थिए। जहाँ मानवीय सङ्कट पर्छ, त्यहाँ संयुक्त राष्ट्रसङ्घको साथ अपेक्षा गरिन्छ। यस प्रकार संयुक्त राष्ट्रसङ्घ मानवताको दियो जगाइराख्ने संस्थाको रूपमा पनि मौजुद रहेको बुझ्न सकिन्छ। यद्यपि, संयुक्त राष्ट्रसङ्घ पनि आफ्नै प्रकारका कमीकमजोरीबाट मुक्त छैन। कतै संयुक्त राष्ट्रसङ्घ जटिल कर्मचारीतन्त्र र पैरवी उद्योगको जालोमा बेरिएको त होइन भन्ने प्रश्न जिउँदो छ। जटिल औपचारिक प्रक्रियाहरू र संरचनागत नेतृत्वमा वैचारिक गतिशीलता कम हुने गरेको देखिन्छ। कुनै पनि देशका जनता ज्ञान, गुण र विज्ञानप्रति सकारात्मक र आकर्षित भएमा मात्र सम्बन्धित राष्ट्र प्रगतितर्फ अगाडि बढ्छ तर कुनै पनि मुलुकमा मदिरा र लागुऔषधको व्यापक कारोबार तथा प्रयोग, मानव बेचबिखन, अत्यधिक श्रम निर्यात, अनियन्त्रित रूपमा दक्ष जनशक्तिको विदेश पलायन जस्ता समस्या व्यापक छन् भने त्यहाँ ज्ञान, मानवीय गुण र विज्ञानको विकासको नीति नै बन्दैन र विकास पनि हुँदैन। किनभने त्यस्तो समाज नैतिक र मानसिक रूपले पतोन्मुख हुन्छ। त्यसैले, सयुक्त राष्ट्रसङ्घले मानवजातिको नैतिक तथा मानसिक रूपान्तरणलक्षित मानव खुबीको निर्माणलाई पनि उच्च प्राथमिकता दिएर काम गरोस् भन्ने आवाज फैलाउनु जरुरी छ। यसको प्रभावकारितालाई बढाउने जिम्मा सदस्य मुलुकहरूकै हातमा /x]s f]df lj j fb 5}g . -गोरखापत्र

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौ, बाजुरा

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेक्षा, कालीकोट

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

ताँजाकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चाखुरे, हुम्ला

# खेल नै खेल्न नपाइने नेपालगन्ज रङ्गशाला

नमस्ते समचारदाता
बाँके, कार्तिक/०८



बाँके जिल्ला फुटबल सङ्घका अध्यक्ष एवम् अखिल नेपाल फुटबल सङ्घका केन्द्रीय सदस्य भोजराज शाहीले फुटबल खेलाडीले विगत ७ वर्ष देखि नेपालगन्ज रङ्गशालामा खेल्न नपाउनु दुर्भाग्यपूर्ण अवस्था भएको बताउनुभएको छ। २०७६ सालमा नेपालगन्जमा आठौँ राष्ट्रिय खेलकुद प्रतियोगिता सम्पन्न भएको थियो। राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्न एक वर्ष अघिदेखि नै नेपालगन्ज रङ्गशालाको भौतिक पूर्वाधार निर्माण गर्ने भनेर खेलाडीलाई खेल्नबाट वञ्चित गरिएको थियो। पछिल्लो समय नेपालगन्ज रङ्गशालामा एथलेटिक्सको सिन्थेटिक ट्र्याक निर्माणको काम भएका कारण मैदानमा खेलाडीले खेल्न पाएका थिएनन्। ट्र्याक निर्माण भएर पनि सरकारलाई हस्तान्तरण गर्न अघि नै बिग्रिएपछि रङ्गशालामा राष्ट्रिय खेलकुद परिषद्ले कसैलाई पनि खेल्न अनुमति दिएको छ। सङ्घका अध्यक्ष भोजराज शाहीले राष्ट्रिय खेलकुद परिषद् र युवा तथा खेलकुद मन्त्रालयको नीति खेल मैत्री नभएको गुनासो गर्नुभएको छ। उहाँले भन्नुभयो, '७ वर्ष भयो फुटबल प्रतियोगिता गर्न पाएका छैनौँ। यो जस्तो दुःखको कुरा अरू के हुन्छ। बालबालिका कुलततर्फ फसेको अवस्था छ। बालबालिकालाई प्रशिक्षण गराउन मैदान माग्दा हामीहरूले पाइरहेका छैनौँ।' बालबालिकाहरूको प्रशिक्षणको लागि भए पनि परिषद्ले मैदान दिने विश्वास लिएको उहाँले बताउनुभयो। शाहीले भन्नुभयो,'यसका बारेमा क्षेत्रीय खेलकुद, राखेप, जिल्ला प्रशासन कार्यालयलाई जानकारी गराइसकेका छौँ। हामीलाई आशा छ तिहारपछि बालबालिकाहरूले नेपालगन्ज रङ्गशालाको मैदानमा फुटबल प्रशिक्षण गर्न पाउनेछन्।' राज्यले अर्बौं लगानी गरेर निर्माण गरेको खेलकुदका भौतिक पूर्वाधार व्यवस्थापन कमजोर हुँदा खेलाडीले प्रशिक्षण गर्न पाएका छैनन्। नेपालगन्ज रङ्गशाला यहाँका खेलाडीहरूको लागि प्रमुख प्रशिक्षण केन्द्र हो। तर राष्ट्रिय खेलकुद परिषद् अन्तर्गतका निकायहरूको खेलाडीप्रतिको उदासीनताका कारण पनि प्रशिक्षणका कार्यक्रम प्रभावित हुने गरेका छन्। पछिल्लो समय नेपालगन्ज रङ्गशालामा खेलाडीहरूले कहिले प्रशिक्षण गर्न पाउँछन् भन्ने प्रश्न उठ्न थालेको छ। यसका लागि खेलाडी, प्रशिक्षक, सङ्घले त्यसमा चासो दिन थालेका छन्। राष्ट्रिय खेलकुद परिषद् अन्तर्गत मध्यपश्चिम क्षेत्रीय खेलकुद विकास समिति लुम्बिनी प्रदेशको मातहतमा रहेको नेपालगन्ज रङ्गशालामा हाल कुनै पनि गतिविधि हुन सकेका छैनन्। बाँके जिल्ला फुटबल सङ्घले यसअघि असोज १५ गते देखि एक वर्ष सम्म यु-१२ स्तरको खेलाडीहरूलाई नियमित रूपमा प्रशिक्षण गराउने योजना रहेको बताउँदै उक्त प्रशिक्षणमा सहयोग गरिदिन शाहीले सम्बन्धित सम्पूर्ण निकायलाई ध्यानाकर्षण गराएको थियो। अब तिहारपछि मैदान पाएपछि प्रशिक्षणको कार्यक्रम गर्ने सङ्घको योजना छ।

## दाङमा...

गाउँघरमा महिलाले पालेका खसीबोका सहकारी संस्थाले बजारीकरणमा सहयोग गर्न थालेपछि व्यावसायिक रूपमा बाख्रापालन बढ्दै गएको कर्मठ सामाजिक उद्यमी महिला सहकारी संस्थाका बजार व्यवस्थापक हेमनारायण चौधरीले बताए। बजार व्यवस्थापक चौधरीका अनुसार सहकारीमा आबद्ध प्रत्येक सदस्यले कम्तिमा ४-५ बाट ३५-४० वटासम्म माउबाख्रा पाल्ने गरेका छन्। तिनै माउबाख्राबाट उत्पादन भएका बोका र खसी बिक्री गरेर राम्रो आम्दानी गर्दैआएको चौधरीले बताए। बाख्रापालनका लागि प्रशस्त घाँस पाइने र बिक्रीमा समस्या नहुने भएपछि महिला व्यावसायिक बाख्रापालनमा जोडिएको लमही नगरपालिका -७ कप्तानगञ्ज निवासी सीता पुनको भनाइ छ। बाख्रापालनमा लाग्दा राम्रो आम्दानी भइरहेको भन्दै उनले भनिन, 'महिलाले पालेका खसी बोकाको बजारीकरणमा सहकारी संस्थाले सहयोग गर्न थालेपछि गाउँघरमा आफुजस्तै धेरै महिलाले बाख्रापालन गरेर आम्दानी गरिरहेका छौ।' २०७६/०७७ सालमा हेफर इन्टरनेशनल नेपाल संस्थाले कोहलपुर नगरपालिका सँगको सहकार्यमा यस्तै प्रकृतिको साना किसान उद्यमी सुदृढीकरण परियोजना मार्फत कोहलपुर सामाजिक उद्यमी महिला सहकारी संस्था दर्ता गरी कोहलपुर नगरपालिकाको वडा न.१, २, ३, ७, ८, १२ र १३ मा यस्तै कार्यक्रम सञ्चालन गरेको थियो। तर २०७९ को स्थानीय तहको निर्वाचनबाट निर्वाचित भएका जनप्रतिनिधिहरुले यसको महत्व नै नबुझेर हेफर सँगको सहकार्य तोडिदिए।

## संसदीय...

विप्लवले राज्य संयन्त्रको नेतृत्वदायी भूमिकामा रहेकाहरु दिनप्रतिदिन भ्रष्टाचार र अनियमितताामा संलग्न हुदै गएका घटनाहरुले सत्ताको मूल नेतृत्व नै भ्रष्टाचारको केन्द्र भएको पुष्टि भएको बताए। लोकतान्त्रिक गणतन्त्रले केही उपलब्धि दिएपनि त्यसलाई संस्थागत गर्न संसदीय दलहरू असफल बन्दै जाँदा केही व्यक्ति र दलहरु यही उपलब्धिहरु पनि उल्टाउने प्रयास गरिएको दाबी गरे। उनले क्रान्तिकारी र समाजवादी आन्दोलनले मात्रै राष्ट्रिय समस्या समाधान दिने भन्दै अस्थिर र अस्थायी रङ्गमञ्चले मुलुकले निकास नपाउनेमा विश्वस्त हुन अपिल गरे।

जनहितमा जारी सन्देश
आफ्नो घर आगन सफा राखौं।
विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं।
हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
छाडा चौपायाहरूलाई नियन्त्रण गरौं।
जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं।
आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं।
पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं।
रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आर.सी.पी. कालीकोट

जनहितमा जारी सन्देश
आफ्नो घर आगन सफा राखौं।
विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं।
हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
छाडा चौपायाहरूलाई नियन्त्रण गरौं।
जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं।
आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं।
पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं।
बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्तडी, बाजुरा

# संस्कृत विश्वविद्यालयको जग्गा खोजी सुरु

नमस्ते समचारदाता
घोराही, कार्तिक/०८



नेपाल संस्कृत विश्वविद्यालयको नाममा रहेको जग्गा तथा सम्पत्ति खोजी सुरु गरिएको छ। विश्वविद्यालयको जग्गा तथा सम्पत्ति खोजबिन समितिले स्थलगत रूपमा दाङमा बसेर विश्वविद्यालयका नाममा विभिन्न ठाउँमा रहेको जग्गा तथा सम्पत्तिको खोजबिन गर्न थालेको हो। लामो समयसम्म नेपाल संस्कृत विश्वविद्यालयको केन्द्रीय कार्यालयलगायतका विभिन्न शाखामा लागेको तालाका कारण समितिले करिब दुई महिना काम गर्न पाएको थिएन। समितिले विश्वविद्यालयमा लागेको ताला खुलेसँगै जग्गा र सम्पत्तिको स्थलगत निरीक्षण, अध्ययन गर्नेदेखि सरोकारवाला निकायसँग छलफल र सुझाव सङ्कलन सुरु गरेको छ। संस्कृत विश्वविद्यालयका नाममा रहेको जग्गा तथा सम्पत्तिको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा छानबिनको काम सुरु भएको जग्गा तथा सम्पत्ति खोजबिन समितिका संयोजक शेखरप्रसाद पौडेलले बताउनुभयो। जिल्लामा विश्वविद्यालयका पदाधिकारीसँग छलफलसँगै राजनीतिक दल, जग्गादाता, सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि, सुरक्षा निकाय, मालपोत कार्यालयका प्रतिनिधिको सहभागितामा छलफल गरिएको समितिका संयोजक पौडेलले बताउनुभयो। प्रारम्भिक चरणमा भएका सबैसँगको छलफलमा किसानलाई समस्या नपर्ने गरी विश्वविद्यालयको नाममा रहेको जग्गालाई विश्वविद्यालयले उपभोग गर्ने गरी ल्याउन सकारात्मक देखिएको उहाँको भनाइ छ। संयोजक पौडेलले भन्नुभयो, "विश्वविद्यालयमा देखिएको जग्गासम्बन्धी विवाद समाधानका लागि सबै पक्ष प्रयत्नशील देखिनुभएको छ। आशा छ, समितिलाई काममा सहयोग गर्नुहुने छ।" समितिले तोकिएकै समयमा विश्व विद्यालयको जग्गा तथा सम्पत्तिको खोजबिन गरेर, संरक्षण, उपयोग, व्यवस्थापनका लागि अध्ययन गरेर सरकारलाई प्रतिवेदन पेस गर्ने बताउनुभयो। संस्कृत विश्वविद्यालयको नाममा दाङ र देउखुरी क्षेत्रमा गरेर एक हजार ६६२ बिघा जग्गा छ। एक हजार तीन सय बिघा जग्गा दाङको देउखुरी क्षेत्रमा र बाँकी ३६२ बिघा जग्गा दाङको अन्य क्षेत्रमा छ। जसमध्ये करिब एक हजार ३३६ बिघा २०५८ सालदेखि स्थानीयको कब्जामा छ। उक्त जग्गामध्ये ४०८ बिघा जग्गामा मोही दाबी गरिएको छ भने करिब १२ बिघा विवादित जग्गा रहेको विश्वविद्यालयले जनाएको छ। अहिले स्थानीयको कब्जामा रहेको जग्गाबाट २०५७ सालसम्म विश्वविद्यालयले आंशिक रूपमा आम्दानी लिने गरे पनि २०५८ सालदेखि आम्दानी लिन नपाएको विश्वविद्यालयका उपकुलपति प्राडा भीमप्रसाद खतिवडाले बताउनुभएको छ। दुई दशकभन्दा बढी समयदेखि आफ्नो स्वामित्वमा रहेको जग्गा विश्वविद्यालयले भोगाधिकार गर्न नपाउँदा आर्थिक सङ्कट उपत्न्न भएको छ। उपकुलपति खतिवडाले भन्नुभयो, "विश्वविद्यालय सञ्चालनका लागि आउने बाटो बन्द भएपछि विश्वविद्यालय सञ्चालनमा समस्या भएको छ।" विश्वविद्यालय सञ्चालनमा समस्या देखिन थालेपछि तत्कालीन सरकारले गएको असार २० गते विश्वविद्यालयको नाममा रहेको जग्गा तथा सम्पत्ति खोजबिनका लागि उच्च अदालतका पूर्वन्यायाधीश शेखर प्रसाद पौडेलको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरेको थियो। समितिको सदस्यमा नेपाल संस्कृत विश्वविद्यालयका तर्फबाट प्राध्यापक ईश्वर पोखेल, पूर्वसहसचिव रोहितकुमार भट्टराई, कपिल डङ्गोल र सदस्यसचिवमा शिक्षा विकास तथा समन्वय एकाइ दाङका प्रमुख देवमणि चौधरी रहनुभएको छ। समितिले विश्वविद्यालयको जग्गा तथा सम्पत्तिको अवस्था, उपभोग र व्यवस्थापनका लागि अध्ययन तथा अनुसन्धान गरी प्रतिवेदन शिक्षामन्त्रीलाई बुझाउने छ।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:

आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार

रंगिन टिभी एकजनालाई

१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यरोड बाँके फोन नं. ९८४७२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
www.namastekarnali.com
जि.प्र.का.बाँके दर्ता नं १६२/०७९/८०
जिल्ला हुलाक नं. २९/०८१-०८२


# मानव संसाधन नीति बनाइँदै

नमस्ते समचारदाता
सुर्खेत, कार्तिक/०८



कर्णाली प्रदेश सरकारले कर्मचारीको क्षमता विकास गर्न मानव संसाधन नीति बनाउन लागेको छ। चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा समेटेर मानव संसाधन नीति बनाउन लागिएको हो । कर्मचारीमा ज्ञान, सिप, क्षमता र दक्षतामा अभिवृद्धि गरी धारणात्मक एवं व्यावहारिक परिवर्तन ल्याउने सरकारको उद्देश्य छ । कर्मचारीमा विद्यमान कमीकमजोरीमा सुधार ल्याउँदै तालिमका अभावका कारण हुन सक्ने कार्यसम्पादन विचलनलाई सुधार ल्याउनमा ठोस योगदान पुऱ्याउने उद्देश्यले नीति निर्माण गर्न लागिएको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले जनाएको छ । कर्मचारीको क्षमता विकास कमजोर हुँदा सङ्गठनको समग्र उत्पादकत्वमा प्रतिकूल असर पर्दै गइरहेको अवस्थामा सरकारले कर्मचारीको क्षमता विकासका लागि नीति बनाउन लागेको हो । निजामती सङ्गठन, सार्वजनिक संस्थान र अन्य सार्वजनिक निकायमा कार्यरत जनशक्तिका लागि तालिमका अवसर अत्यन्त न्यून रहेका छन् । तालिममा अत्यन्त न्यून बजेट विनियोजन हुने र उक्त बजेटलाई पनि खर्चका रूपमा मात्र लिने गरिँदा कर्मचारीको क्षमता विकास हुन सकेको छैन । विनियोजित बजेटलाई जनशक्ति विकासमा गरेको लगानीका रूपमा परिचालन गर्नका लागि नीति निर्माण गर्न लागिएको मुख्यमन्त्री कार्यालयले जनाएको छ । प्रदेश सरकारले नयाँ अभ्यासका रूपमा मानव संसाधन नीति निर्माण गर्न लागेको प्रदेश सरकारका प्रमुख सचिव चूडामणि पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार अहिले मानव संसाधन नीतिको खाका तयार गर्ने काम भइरहेको छ । कर्मचारीको ज्ञान, सिप, दक्षता र सोचाइमा सकारात्मक प्रभाव पारी समग्र सङ्गठनको कार्यसम्पादनमा सुधार ल्याउन नीति निर्माण गर्न लागिएको उहाँले बताउनुभयो । कर्मचारीलाई कामप्रति उत्प्रेरित गराउने उद्देश्य सरकारको छ । परिवर्तित समय अनुसारका ज्ञान, सिप, क्षमता कर्मचारीमा विकास गर्न आवश्यक रहेको भन्दै पौडेलले तालिमको अभावका कारण हुन सक्ने कार्यसम्पादन विचलनलाई नयाँ नीति निर्माण गरेर सुधार गरिने बताउनुभयो । नीतिमा कर्मचारीको क्षमता विकास गर्ने र जनप्रतिनिधिलाई समेत केही मापदण्ड तोकिने छ । सरकारले कर्मचारीमा क्षमताका विकासका कार्यक्रमलाई बढावा दिने लक्ष्यसमेत राखेको छ । गत आर्थिक वर्षदेखि कर्णाली प्रदेश सरकारका कर्मचारीलाई वैयक्तिक विवरण सङ्केत नम्बर (सिटरोल) प्रदान गर्न सुरु गरिएको छ । प्रदेश सरकारले गत वर्षदेखि वैयक्तिक विवरण फाराम प्रदान गर्न सुरु गरेको हो । प्रमुख सचिव पौडेलले कर्णाली प्रदेश अभिलेख शाखा अन्तर्गत रहने गरी निजामती कर्मचारीको वैयक्तिक विवरणको अद्यावधिक कार्य मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको अभिलेख शाखाबाट सुरु गरिएको जानकारी दिनुभयो । स्थानीय कर्मचारीको हकमा निजामती किताबखानासँग कर्मचारी विवरण अनलाइनमा अद्यावधिक गर्न किताबखानालाई अनुरोध गरिएको पनि उहाँले बताउनुभयो । कर्णाली प्रदेश निजामती कर्मचारी सङ्घ, स्थानीय र प्रदेशमा जहाँ सरुवा, बढुवा भए पनि फरक नपर्ने गरी सिटरोल व्यवस्था गरिएको पौडेलले जानकारी दिनुभयो ।

# रविको तिहार हिरासतमै बित्ने !

नमस्ते समचारदाता
पोखरा, कार्तिक/०८



राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको यस पटकको तिहार हिरासत मै वित्ने भएको छ । रवी तिहारसम्म रिहा नहुने भएका छन् । कास्की जिल्ला अदालतले बिहीबार रवि माथिको अनुसन्धानका लागि थप ७ दिन हिरासतमा राख्न प्रहरीलाई अनुमति दिएको हो । रविका सम्बन्धमा कास्की जिल्ला अदालतले थप गरेको म्याद बिहीबारदेखि नै गणना हुनेछ । ७ दिनको म्याद पाएको प्रहरीले रविलाई कात्तिक १४ गतेसम्म हिरासतमा राख्नेछ । तर, कात्तिक १५ गतेदेखि तिहार बिदा सुरु हुने भएकाले उनलाई सात दिने म्याद सकिएलगत्तै प्रहरीले अदालतमा उपस्थित गराउन नमिल्ने देखिएको हो । तिहार बिदापछि कात्तिक २० गतेमात्र सरकारी कार्यालय खुल्ने छ। त्यसैले प्रहरीले रविलाई कात्तिक २० गते मात्र अदालतमा उपस्थित गराउने छ । त्यतिबेला फेरि रविको म्याद थप गर्ने कि नगर्ने भन्नेबारे अदालतमा बहस हुने छ । त्यतिबेला अदालतले तिहार बिदासमेत गणना हुने गरी म्याद थपबारे निर्णय गर्नेछ । त्यसो त, तिहार बिदामा रवि लामिछानेका तर्फबाट बन्दी प्रत्यक्षीकरणको रिट निवेदन समेत दायर गर्न सकिन्छ । बन्दी प्रत्यक्षीकरणको रिट भने पर्व बिदामा समेत अदालतले हेर्ने छ । तर, यसअघि छविलाल जोशीको हकमा सर्वोच्च अदालतले बन्दी प्रत्यक्षीकरणको रिट निवेदन नै खारेज गरिदिएको थियो । सर्वोच्चको आदेशमा भनिएको छ, 'कास्की जिल्ला अदालतबाट अनुमति प्राप्त भए बमोजिम हिरासतमा रहेको अवस्था देखिएका सन्दर्भमा निवेदकलाई गैरकानुनी रूपमा थुनामा राखिएको भन्न मिल्ने नदेखिँदा मागबमोजिम बन्दी प्रत्यक्षीकरण आदेश जारी गर्न मिलेन, प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ ।' भनी आदेश दिएको थियो ।

# स्वास्थ्य र शिक्षामा नयाँ संरचना निर्माण गरिने

नमस्ते समचारदाता
रुकुमपश्चिम, कार्तिक/०८




कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले भूकम्प प्रभावित क्षेत्रमा पुनर्निर्माणको काम तत्काल सुरु गरिने बताउनुभएको छ । प्रदेश सरकारको नीति कार्यक्रम, बजेट कार्यान्वयनको अवस्था र चुनौती, भूकम्प प्रभावित क्षेत्रको पुनर्निर्माण, सार्वजनिक सेवा प्रवाहमा देखिएका समस्यालगायतका विषयमा छलफल गर्न रुकुमपश्चिम आएका मुख्यमन्त्री कँडेलले प्रदेश सरकारका तर्फबाट ५० करोड रुपियाँ लगानी गरेर यसै वर्ष करिब एक सय पूर्वाधारका संरचना निर्माण हुने बताउनुभयो। मुख्यमन्त्री कँडेलले जाजरकोट, रुकुमपश्चिम र सल्यानमा भूकम्पले क्षति गरेका स्वास्थ्य र शिक्षाका संरचना निर्माणमा कर्णाली सरकारले ५० करोड विनियोजन गरेकाले यसै वर्ष उक्त काम सकिने समेत बताउनुभयो । सदरमुकाम मुसीकोटमा स्थानीय तहका प्रमुख, विभिन्न सरकारी कार्यालयका प्रमुखसँगको छलफलका क्रममा मुख्यमन्त्री कँडेलले भूकम्प प्रभावित घरधुरीभन्दा बढी भएको भन्ने गुनासो रहेकाले उक्त समस्या तत्काल समाधान गरेर पुनर्निर्माणको काम सुरु गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले नागरिकले जनप्रतिनिधिबाट नयाँ किसिमको कार्यसम्पादन खोजिरहेको बताउँदै सबैले जिम्मेवारीपूर्वक काम गर्न आवश्यक रहेको बताउनुभयो । सरकारका जुनसुकै संरचनाको पहिलो काम नागरिकप्रति जवाफदेही र जिम्मेवार बन्नुपर्नेमा उहाँले जोड दिनुभयो । उहाँले भन्नुभयो, "योजनाका लागि बजेट विनियोजन गर्ने तर कार्यान्वयन नगर्ने परिपाटी अन्त्य गर्नु पऱ्यो । जेठ, असारमा होइन, मङ्सिरभित्रै ठेक्का सम्झौता भइसक्नु पऱ्यो ।" तिनै तहका सरकारको असल समन्वय भएमा मात्र दिगो विकास गर्न सकिने र कुनै विवाद देखिएको अवस्थामा स्थानीय तहसँग समन्वय गर्न उहाँले आग्रह गर्नुभयो । उहाँले मुख्यमन्त्री रोजगार कार्यक्रमलाई निरन्तरता दिन वडा तहबाट आएका योजनामा बजेट पठाउने गरी सरकारले काम गरिरहेको जानकारी दिनुभयो । कर्णालीको आन्तरिक आम्दानी न्यून रहेको अवस्थामा स्रोत वृद्धितर्फ पनि सोच्नुपर्ने उहाँको भनाइ रहेको छ । मुख्यमन्त्री कँडेलले दल र सरकार मिलेर मात्र समृद्धि हासिल गर्न सकिनेमा जोड दिनुभयो । उहाँले गाउँमा आएका योजना कसले ल्याएको हो भनेर विवाद नगरेर कसरी राम्रो गर्न सकिन्छ भन्नेबारे छलफल गर्न आवश्यक देखिएको बताउनुभयो । यसै गरी नेपाल पत्रकार महासङ्घ रुकुमपश्चिमले राखेको पत्रकार सम्मेलनमा मुख्यमन्त्री कँडेलले सञ्चारमैत्री योजना र बजेटलाई प्राथमिकता दिएको दाबी गर्नुभयो । उहाँले प्रदेश सरकारले सञ्चार उपकरणको बिमा, पत्रकारको स्वास्थ्य र दुर्घटना बिमा र लोक कल्याणकारी विज्ञापनको रकम बढाएको जानकारी दिनुभयो । मुख्यमन्त्री कँडेलले स्रोतसाधन भरिपूर्ण कर्णाली बनाउन सकारात्मक पहल र प्रयास गरिरहेको जानकारी दिनुभयो । जनभावना अनुसार निर्वाह गर्नुपर्ने भूमिकाका लागि आफू सदा तयार गरेको उल्लेख गर्नुहुँदै मुख्यमन्त्री कँडेलले विगतमा अनुदानका नाममा कृषि क्षेत्रमा बढी लगानी भएको तर उपलब्धि हुन नसकेको बताउनुभयो ।

# मोटरसाइकल दुर्घटनामा एकको मृत्यु



नमस्ते समचारदाता
कालीकोट, कार्तिक/०८

कालीकोट जिल्ला र बाजुरा जिल्लाको सीमा क्षेत्र भुका खोलामा मोटरसाइकल दुर्घटना हुँदा एकको मृत्यु भएको छ । कर्णाली कोरिडोरको खुलालु-हिल्सा सडक खण्ड अन्तर्गत बाजुरा जिल्लाको भुका खोलामा मोटरसाइकल दुर्घटना हुँदा एकको मृत्यु भएको हो भने एक जना घाइते भएका छन् । कालीकोट जिल्लाबाट बाजुराको जग्गनाथ गाउँपालिका-४ का जडीबुडी व्यापारी खड्क भण्डारीलाई पुगाउन जानुभएका सान्नीत्रिवेणी गाउँपालिका ८ मुर्माका २७ वर्षीय खेमराज बुढाको मृत्यु भएको हो । बुढाको मृत्यु भएको घटना स्थल कालीकोट र बाजुराको सीमा क्षेत्रमा पर्छ । दुर्घटनामा परेका बुढा सडकभन्दा तल भिरमा खसेका कारणले मृत्यु भएको प्रहरीको भनाइ छ । जिल्ला प्रहरी कार्यालय कालीकोटका प्रमुख प्रहरी नायव उपरीक्षक टेकबहादुर रावतले कर्णाली प्रदेश ०२००१ प ४१ नम्बरको मोटरसाइकल अन्यिन्त्रीत भएर दुर्घटना भएको र पछाडि सवार भण्डारी र मोटरसाइकल सडकमै अड्किएको र बुढा भिरमा खसेका कारणले मृत्यु भएको बताउनुभयो । मोटरसाइकल दुर्घटना भएको खबर प्राप्त हुनासाथ कालीकोटको रास्कोट इलाका प्रहरी कार्यालय र बाजुराको कोल्टी प्रहरी चौकीबाट प्रहरी टोली घटनास्थलमा पुगेर भिरबाट शव निकालेर आफन्तको जिम्मा लगाएको छ । दुर्घटना परेर घाइते भएका खड्क भण्डारीलाई उपचारका लागि अस्पताल पठाइएको छ । दुर्घटना परेर मृत्यु भएका बुढा कालीकोटमा रहेको हुरेन्डेक नेपालको साझेदारीमा सञ्चालित जल परियोजना अन्तरगर्त नरहरीनाथ गाउँपालिकामा कार्यरत रहनुभएको सो संस्थाले जनाएको छ । संस्थाका जिल्ला व्यवस्थापक दिलीप कुमार शाहीले जल परियोजनामा कार्यरत फिल्ड प्राविधिक खेमराज बुढाको निधनले दुखी बनाएको र संस्थालाई क्षति पुगेको बताउनुभयो । मृतक बुढाका साथी खेमराज सिम्खडाले साथीको मृत्युले गाउँ नै शोकमा रहेको बताउनुभयो ।

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके